५.४ सूचना प्रविधि

- नव निर्मत प्रशासकीय भवनमा इन्टरनेट जडान गरी सेवा संचालन भएको ।
- नगरपालिका र वडा कार्यालयहरुमा भएका ICT Equipment हरुको नियमित मर्मत संभार भएको।
- नगरपालिकाको वेभसाइटबाट नियमित सूचनाहरु अपडेट हुदै आएको ।

५.५ नगर प्रहरी

- साङ्ले चौतारामा अनाधिकृत रुपमा थुपारिएको ग्राभेलको सम्बन्धमा नगरमा जानकारी गराई करको दायरामा ल्याउनलाई समन्वय गरिएको।
- अर्जेलटार स्थित खोलाको किनारमा नगर तथा वडा कार्यलयको स्विकृत विना ग्राभेल निकालेको स्काईभेटरलाई कारबाही गरी रु.५०००० जरिवाना गरिएको ।
- कवाडी कर रु.९९०४३ असुली गरी राजश्व शाखामा बुझाएको ।
- नगरपालिकाभित्र विना स्विकृत वनिरहेका घरटहराहरुको अनुगमन गर्ने गरिएको ।
- नगरपालिकाको ९ वटा वडा क्षेत्रमा आवश्यक गस्ति पेट्रोलिङ गरिएको
- नगरभित्र हुने सभा,सम्मेलन,खेलकुद,शिविर आदिमा आवश्यक सुरक्षा व्यवस्था मिलाईएको
- २०८०/०७/२० गतेबाट नगर प्रहरीको टोली राजश्व संकलन गर्नको लागि विभिन्न स्थानमा खटाईएको ।
- प्रत्येक हप्ताको ३ दिन नगर प्रहरी ईन्चार्जको कमाण्डमा प्रत्येक राजश्व संकलन केन्द्रको स्थलगत अनुगमन गरिएको ।
- आगोलागि नियन्त्रण गर्न सहयोग गरेको
- जग्गा वर्गीकरण सम्वन्धी पत्र र न्यायीक शाखा तामेली पत्र पुर्याउन सहयोग गरेको ।
- नगरपालिका भित्र लावारिस मरेको कुकुरको व्यवस्थापन गरिएको
- नगरपालिकाभित्र पर्ने राजमार्ग वरिपरि फोहोरमैला व्यवस्थापन भए नभएको अनुगमन गरि हिमालय वातावरण संरक्षण प्रा.लीसंग समन्वय गरी फोहोर व्यवस्थापन गर्ने गरिएको ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु ।**
**आर्थिक वर्ष २०७९।८० को यथार्थ खर्च, चालु आर्थिक वर्षको विवरण र आर्थिक वर्ष २०८१।०८२ को शिर्षकगत आय व्यय अनुमान पेश गर्दछु ।**

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वय गर्न ८८ करोड १६ लाख ८९ हजार ६ सय ६६ रुपैयाँ वजेट विनियोजन गरेको छु ।

कुल विनियोजित रकम मध्ये चालु तर्फ रू. ४७ करोड ९ लाख ८५ हजार, ६ सय ६६ रुपैयाँ र पुँजीगत तर्फ रू. ४१ करोड ७ लाख ४ हजार रुपैयाँ विनियोजन गरेको छु । कुल विनियोजन भएको रकम मध्ये चालु तर्फ ५३.४१ प्रतिशत र पुँजीगत तर्फ ४६.४९ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्षको व्यहोर्ने स्रोत मध्ये सङ्घीय सरकारवाट वित्तीय हस्तान्तरणको माध्यमवाट समानीकरण अनुदान १४ करोड ६२ लाख, सशर्त अनुदान २२ करोड १२ लाख २१ हजार, समपुरक अनुदान १ करोड, वागमती प्रदेश सरकारवाट समानीकरण अनुदान १ करोड ५६ लाख ७५ हजार, सशर्त अनुदान १ करोड ८९ लाख २१ हजार, विशेष अनुदान ५० लाख, समपुरक अनुदान ३ करोड, राजस्व वाडफाँटवाट १८ करोड १० लाख ७७ हजार १ सय ६६, आन्तरिक राजस्व बाट ४ करोड ८१ लाख ७५ हजार र वैक मौज्दात रहन सक्ने २० करोड ५४ लाख २० हजार ५ सय रुपैयाँ अनुमान गरेको छु ।

क्षेत्रगत रूपमा तपशील बमोजिम बजेट प्रस्ताव गरेको छुः

- आर्थिक विकास क्षेत्रतर्फः ४ करोड ७३ लाख २८ हजार रुपैयाँ
- सामाजिक विकास क्षेत्रतर्फः ३४ करोड ४३ लाख ३० हजार रुपैयाँ
- पूर्वाधार विकास क्षेत्रतर्फः ३१ करोड २३ लाख ९४ हजार रुपैयाँ
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फः ५२ लाख ४५ हजार रुपैयाँ
- कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चः १७ करोड २३ लाख ९२ हजार ६ सय ६६ रुपैयाँ

प्रस्तावित योजना र कार्यक्रमको विवरण संलग्न रहेका छन् ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु ।**

अन्त्यमा,

चालु आ.व.२०८०।०८१ का लागि १३ औं नगरसभाबाट पारित भएको नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी, उपभोक्ता समिति नगरवासीहरु लगायत सम्पूर्ण पक्ष र यो कार्यप्रगति समिक्षा तयार पार्न सहयोग गर्नुहुने सम्पूर्ण विषयगत शाखाका कर्मचारीहरु समेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी आर्थिक वर्षको लागी प्रस्ताव गरेको योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनमा सरोकारवाला सबै पक्षको सहयोग प्राप्त हुनेनैछ भन्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

नगर उप-प्रमुख
सुरज उप्रेती
१० आषाढ, २०८१